# कृषि-मौसम सल्लाह बुलेटिन

**[Agro-met Advisory Bulletin (AAB)]**

नेपाल कृषि अनुसन्धान परिषद्, राष्ट्रिय कृषि वातावरण अनुसन्धान केन्द्रद्वारा
जल तथा मौसम विज्ञान विभागसँगको सहकार्यमा जारी

वर्ष-१०, अंक-०७ | अवधिः १८-२४ जेठ, २०८१ | १८ जेठ, २०८१

## मौसमी सारांशः

- गत साता सबैभन्दा बढी गण्डकी प्रदेशको मुस्ताङ जिल्लामा रहेको लेते केन्द्रमा १२४.३ मि.मि. साप्ताहिक कुल वर्षा मापन भएको छ। लुम्बिनी प्रदेश र सुदूरपश्चिम प्रदेशको तराईका केही स्थानहरुमा ४०.० डि.से. भन्दा बढी अधिकतम तापक्रम मापन गरिएको छ भने सुदूरपश्चिम प्रदेशको कैलाली जिल्लामा रहेको टिकापुर केन्द्रमा सबैभन्दा बढी ४१.२ डि.से. साप्ताहिक औसत अधिकतम तापक्रम मापन गरिएको छ। तराईका अधिकांश स्थानहरुमा २५.० डि.से. भन्दा बढी न्यूनतम तापक्रम मापन गरिएको छ। गण्डकी प्रदेशको मनाङ जिल्लामा रहेको हुम्दे केन्द्रमा सबैभन्दा कम ८.८ डि.से. साप्ताहिक औसत न्यूनतम तापक्रम मापन भएको छ।
- साताभर पश्चिमी वायु, स्थानीय वायु तथा मध्यमा लखनउ आसपासको क्षेत्रमा रहेको न्यून चापीय प्रणालीको आंशिक प्रभाव रहने संभावना छ।
- साताभर देशको हिमाली भू-भागहरुमा आंशिक देखि साधारणतया बदलीको संभावना छ।
- लुम्बिनी प्रदेश र सुदुरपश्चिम प्रदेशका तराईका भू-भागहरुमा तातो हावा तथा तातो लहरको संभावना छ।
- साताको सुरुमा बागमती प्रदेश, गण्डकी प्रदेश र लुम्बिनी प्रदेशका तराई भू-भागका एक-दुई स्थानमा साथै कोशी प्रदेश र मधेश प्रदेशका तराई भू-भागका थोरै स्थानहरूमा मेघगर्जन/चट्याङ्ग, हावाहुरी सहित हल्का देखि मध्यम वर्षाको संभावना छ।
- साताको मध्यमा गण्डकी, लुम्बिनी र सुदूरपश्चिम प्रदेशका तराई भू-भागका एक-दुई स्थानमा साथै कोशी, मधेश र बागमती प्रदेशका तराई भू-भागका थोरै स्थानहरूमा साथै साताको अन्त्यमा बागमती, गण्डकी, लुम्बिनी प्रदेशका तराई भू-भागका एक-दुई स्थानमा साथै मधेश प्रदेश लगायत कोशी प्रदेशको तराई भू-भागका थोरै स्थानहरूमा मेघगर्जन/चट्याङ्ग, हावाहुरी सहित हल्का देखि मध्यम वर्षाको संभावना छ।
- देशको पहाडी भू-भाहरुमा साताको शुरू र मध्यमा थोरै स्थानहरूमा मेघगर्जन/चट्याङ्ग, हावाहुरी सहित हल्का देखि मध्यम वर्षाको संभावना छ। साताको शुरु र अन्त्यमा लुम्बिनी र सुदूरपश्चिम प्रदेशको पहाडी भूभागको एक-दुई स्थानमा मेघगर्जन/चट्याङ्ग/असिना, हावाहुरी सहित हल्का वर्षाको संभावना छ। साताको अन्त्यमा कोशी र गण्डकी प्रदेशका थोरै स्थानहरूमा मेघगर्जन/चट्याङ्ग, हावाहुरी सहित हल्का देखि मध्यम वर्षाको संभावना छ।
- साताको शुरु कोशी, बागमती, गण्डकी र सुदूरपश्चिम प्रदेशको उच्च पहाडी तथा हिमाली भूभागको एक दुई स्थानमा साथै मध्य र अन्यमा गण्डकी प्रदेश र कर्णाली प्रदेशका थोरै स्थानहरूमा हल्का वर्षा/ हिमपातको संभावना छ।
- देशका अधिकांश स्थानहरूमा साताको सुरुमा अधिकतम तापक्रममा हल्का बढ्ने तथा न्यूनतम तापक्रममा उल्लेखनीय परिवर्तन नहुने संभावना छ।


## मनसुन सिजन, २०८१ को हावापानी आँकलन

- आगामी मनसुन सिजनमा देशका अधिकांश स्थानहरुमा सरदर भन्दा बढी वर्षा हुने संभावना ३५% देखि ५५% रहेको छ। सुदुरपश्चिम प्रदेशको उत्तर-पश्चिमी भू-भाग, बागमती प्रदेशको दक्षिण-पूर्वी भू-भाग, मधेश प्रदेशको मध्य भू-भाग र कोशी प्रदेशको मध्य तथा मध्य-पश्चिमी भूभागमा सरदर वर्षा हुने संभावना ३५% देखि ४५% रहेको छ। अधिकतम तापक्रम देशका अधिकांश स्थानहरुमा सरदर भन्दा बढी हुने संभावना ३५% देखि ६५% रहेको छ भने कर्णाली प्रदेशको पश्चिमी भू-भाग, गण्डकी प्रदेशको मध्य भू-भाग तथा कोशी प्रदेशको उत्तर-पूर्वी भू-भागमा सरदर रहने संभावना ३५% देखि ४५% रहेको छ। त्यसैगरी न्यूनतम तापक्रम देशका अधिकांश स्थानहरुमा सरदर भन्दा बढी हुने संभावना ३५% देखि ६५% रहेको छ भने सुदुरपश्चिम प्रदेश, गण्डकी प्रदेश र बागमती प्रदेशको थोरै भू-भागमा सरदर रहने संभावना ३५% देखि ४५% रहेको छ।

## कृषि सारांश


- आगामी मनसुन सिजनमा देशका अधिकांश स्थानहरुमा सरदर वा सरदर भन्दा बढी वर्षा हुने संभावना देखिएकाले सम्भावित जोखिम न्यूनीकरणका लागि कृषि कर्महरु गर्दा पुर्व तयारी कार्यलाई विशेष ध्यान दिनुहोस्।
- मनसुनको शुरुवातमा सुख्खा तथा उत्तरार्द्धमा बढी पानी पर्ने देखिएकाले सुख्खा र डुबान सहन सक्ने सिफारिश गरिएका धानका जातहरु आवश्यकता अनुसार लगाउनुहोस्।
- सिंचाइ र पानीको निकास राम्रो भएको धान खेतीमा जलवायु मैत्री कृषि प्रविधिहरु जस्तैः सुख्खा छरुवा, हिले छरुवा तथा राईस ट्रान्सप्लान्टर प्रयोग गरी लागत न्यूनीकरण गर्नुहोस्।
- वर्षे धानबालीवाट राम्रो उत्पादन लिन आफूले लगाउन चाहेको ठाँउ अनुसार सिफारिस गरिएका धानका उन्नत जातहरुको बीउ उपचार गरी ब्याड राख्नुहोस्।
- मकैबालीमा अमेरिकी फौजी कीराको संख्या तथा क्षतिको आँकलन गर्न वयस्कको लागि बत्ति र फेरोमन पासोको तथा लार्भाको लागि खाल्डे पासोको प्रयोग गर्नुहोस्। प्रकोप ज्यादा भएमा नोक्सानी कम गर्न इमामेक्टिन बेन्जोएट ५% एस.जी., १ ग्राम प्रति ३ लिटर पानी वा स्पिनोस्याड ४५% एस.सी., १ एम.एल. प्रति ३ लिटर पानीको दरले बोट भिज्नेगरि ७ दिनको फरकमा २-३ पटक छर्नुहोस्।
- फर्सी समुहको तरकारीमा लाग्ने चोप निस्कने डढुवा रोगको लक्षण देखापरेमा मेन्कोजेवयुक्त वा क्लोरोथालोनिल नामक विषादी २ ग्राम प्रति लिटर पानीका दरले ८-१० दिनको फरकमा २-३ पटकसम्म सम्पूर्ण बोट भिज्नेगरि छर्केर उपचार गर्नुहोस्।
- भेडा, बाख्रामा लाग्ने फित्ते जुकाको लागी प्राजिक्वान्टेल, १०-१५ एम.जी. प्रति के.जी. शारीरिक तौलका दरले खुवाउनुहोस्।
- स्थानीय कार्प (रहू, नैनी र भाकुर) माछाको प्रजनन मौसम भएकोले माउ माछाको व्यवहार परिवर्तनको दैनिक रेकर्डका आधारमा प्रत्येक हप्ता माउ पोखरीबाट परिपक्व माउ छनौट गरेर करीब २४ घण्टा होल्डिङ्ग ट्याङ्कीमा अनुकुलन गरि प्रजनन गर्नुहोस्।
- तराईका भू-भागहरुमा उच्च तापक्रमका कारण माछामा हुने क्षती न्यूनीकरणका लागि एरेटरको नियमित प्रयोग गर्नुहोस् तथा पम्पको प्रयोग गरी पानीको तापक्रम स्थिर राख्नुहोस्।
- कृषि र पशु सम्वन्धी जिज्ञासाको लागी पैसा नलाग्ने नार्कको फोन नम्बर-११३५ मा हरेक सोमबार दिँउसो २ देखि ४ बजेसम्म फोन गर्नुहोस्।
- कृषि-मौसम सल्लाह बुलेटिन रेडियो नेपालबाट प्रत्येक शनिबार बेलुका ६:२५ देखि ६:३५ बजेसम्म साथै नेपाल टेलिभिजनको NTV NEWS Channel बाट प्रत्येक शनिबार बेलुका ८ बजेको समाचारपछि प्रसारण हुने गर्दछ।

# गत हप्ता (११-१७ जेठ, २०८१) को मौसमी सारांश





**साप्ताहिक कुल वर्षाः** ८६ वटा मौसम केन्द्रहरुमा मापन गरिएको साप्ताहिक कुल वर्षाको तथ्याङ्क अनुसार गत साता देशको अधिकांश केन्द्रहरुमा हल्का देखि धेरै भारी वर्षा मापन गरिएको छ। वर्षा मापन भएका अधिकांश केन्द्रहरुमा सरदर भन्दा कम वर्षा मापन गरिएको छ। गत साता सबैभन्दा बढी गण्डकी प्रदेशको मुस्ताङ जिल्लामा रहेको लेते केन्द्रमा १२४.३ मि.मि. साप्ताहिक कुल वर्षा मापन भएको छ।

नक्साको पृष्ठभूमिमा देखाईएको रंगले साप्ताहिक कुल वर्षा जनाउँछ। त्रिभुजाकार तथा गोलाकार संकेतले केन्द्रमा मापन गरिएको वर्षालाई साप्ताहिक सरदर वर्षासँगको तुलनात्मक तथ्यांकमा देखाउँछ।




**साप्ताहिक अधिकतम तापक्रमः** ९९ वटा मौसम केन्द्रहरुमा मापन गरिएको साप्ताहिक औसत अधिकतम तापक्रमको तथ्याङ्क अनुसार गत साता देशका अधिकांश केन्द्रहरुमा सरदर भन्दा बढी अधिकतम तापक्रम मापन भएको छ। लुम्बिनी प्रदेश र सुदुरपश्चिम प्रदेशको तराईका केही स्थानहरुमा ४०.० डि.से. भन्दा बढी अधिकतम तापक्रम मापन गरिएको छ भने सुदुरपश्चिम प्रदेशको कैलाली जिल्लामा रहेको टिकापुर केन्द्रमा सबैभन्दा बढी ४१.२ डि.से. साप्ताहिक औसत अधिकतम तापक्रम मापन गरिएको छ।

नक्साको पृष्ठभूमिमा देखाईएको रंगले साप्ताहिक औसत अधिकतम तापक्रम (डि.से.) जनाउँछ। त्रिभुजाकार तथा गोलाकार संकेतले केन्द्रमा मापन गरिएको तापक्रमलाई साप्ताहिक सरदर तापक्रमसँगको फरकमा देखाउँछ।




**साप्ताहिक न्यूनतम तापक्रमः** ९८ वटा मौसम केन्द्रहरुमा मापन गरिएको साप्ताहिक औसत न्यूनतम तापक्रमको तथ्याङ्क अनुसार गत साता देशका अधिकांश केन्द्रहरुमा सरदर भन्दा बढी न्यूनतम तापक्रम मापन भएको छ। तराईका अधिकांश स्थानहरुमा २५.० डि.से. भन्दा बढी न्यूनतम तापक्रम मापन गरिएको छ। गण्डकी प्रदेशको मनाङ जिल्लामा रहेको हुम्दे केन्द्रमा सबैभन्दा कम ८.८ डि.से. साप्ताहिक औसत न्यूनतम तापक्रम मापन भएको छ।

नक्साको पृष्ठभूमिमा देखाईएको रंगले साप्ताहिक औसत तापक्रम (डि.से.) जनाउँछ। त्रिभुजाकार तथा गोलाकार संकेतले केन्द्रमा मापन गरिएको तापक्रमलाई साप्ताहिक सरदर तापक्रमसँगको फरकमा देखाउँछ।

*नोटः (क) सरदर वर्षा भन्नाले सन् १९९१ देखी २०२० सम्मको सम्बन्धित हप्ताको औसतमा १० प्रतिशत भन्दा कम देखि १० प्रतिशत भन्दा बढीको वर्षालाई जनाउँछ।*

*(ख) सरदर अधिकतम/न्यूनतम तापक्रम भन्नाले सन् १९९१ देखी २०२० सम्मको सम्बन्धित हप्ताको औसतमा ०.२ डि.से. भन्दा कम देखि ०.२ डि.से. भन्दा बढीको तापक्रमलाई जनाउँछ।*

*(ग) वर्षा र न्यूनतम तापक्रमको अवधि गत साताको शुक्रवार देखि विहिवारसम्म र अधिकतम तापक्रमको अवधि गत साताको बिहिवार देखि बुधवार सम्मको तथ्याङ्कलाई लिएर नक्सा तयार गरिएको छ।*

# आगामी साता (१८-२४ जेठ, २०८१) को मौसमी परिदृष्य

| प्रदेश | भौगोलिक क्षेत्र | वर्षा/ हिमपात | अधिकतम तापक्रम | न्यूनतम तापक्रम | बदली हुने अवस्था | महत्वपूर्ण मौसम (मेघगर्जन/ चट्याङ्ग, हावाहुरी) | कैफियत (मौसम प्रणाली) |
|---|---|---|---|---|---|---|---|
| कोशी प्रदेश | हिमाल/उच्च पहाड | हल्का वर्षा/ हिमपात | उल्लेखनीय परिवर्तन नहुने | उल्लेखनीय परिवर्तन नहुने | आंशिक देखि साधारणतया बदली | | एक दुई स्थानमा हल्का वर्षा/ हिमपात |
| | पहाड | हल्का देखि मध्यम वर्षा | साताको शुरुमा हल्का बढ्ने | उल्लेखनीय परिवर्तन नहुने | साताको शुरुमा आंशिक देखि साधारणतया बदली, मध्य र अन्त्यमा साधारणतया बदली | मेघगर्जन/चट्याङ्ग, हावाहुरी | थोरै स्थानहरूमा मेघगर्जन/चट्याङ्ग, हावाहुरी सहित हल्का देखि मध्यम वर्षा |
| | तराई | हल्का देखि मध्यम वर्षा | साताको शुरुमा हल्का बढ्ने | उल्लेखनीय परिवर्तन नहुने | साताको शुरुमा आंशिक देखि साधारणतया बदली, मध्य र अन्त्यमा आंशिक बदली | मेघगर्जन/चट्याङ्ग, हावाहुरी | साताको शुरु र मध्यमा थोरै स्थानहरूमा मेघगर्जन/चट्याङ्ग, हावाहुरी सहित हल्का देखि मध्यम वर्षा र अन्त्यमा थोरै स्थानहरूमा मेघगर्जन/ चट्याङ्ग, हावाहुरी सहित हल्का वर्षा |
| मधेश प्रदेश | तराई | हल्का देखि मध्यम वर्षा | साताको शुरुमा हल्का बढ्ने | उल्लेखनीय परिवर्तन नहुने | साताको शुरु र मध्यमा आंशिक बदली देखि साधारणतया बदली, र अन्त्यमा आंशिक बदली देखि मूख्यतया सफा | मेघगर्जन/चट्याङ्ग, हावाहुरी | साताको शुरु र मध्यमा थोरै स्थानहरूमा मेघगर्जन/चट्याङ्ग, हावाहुरी सहित हल्का देखि मध्यम वर्षा र अन्त्यमा थोरै स्थानहरूमा मेघगर्जन/ चट्याङ्ग, हावाहुरी सहित हल्का वर्षा |
| वागमती प्रदेश | हिमाल/उच्च पहाड | हल्का वर्षा/ हिमपात | उल्लेखनीय परिवर्तन नहुने | उल्लेखनीय परिवर्तन नहुने | आंशिक देखि साधारणतया बदली, | | एक दुई स्थानमा स्थानमा हल्का वर्षा/ हिमपात |
| | पहाड | हल्का देखि मध्यम वर्षा | साताको शुरुमा हल्का बढ्ने | उल्लेखनीय परिवर्तन नहुने | आंशिक देखि साधारणतया बदली, | मेघगर्जन/चट्याङ्ग, हावाहुरी | साताको शुरुमा एक दुई स्थानहरूमा मेघगर्जन/ चट्याङ्ग, हावाहुरी सहित हल्का देखि मध्यम वर्षा र मध्य र अन्त्यमा थोरै स्थानहरूमा मेघगर्जन/ चट्याङ्ग, हावाहुरी सहित हल्का देखि मध्यम वर्षा |
| | तराई | हल्का देखि मध्यम वर्षा | साताको शुरुमा हल्का बढ्ने | उल्लेखनीय परिवर्तन नहुने | साताको शुरुमा आंशिक बदली देखि मौसम मूख्यतया सफा, मध्य र अन्त्यमा आंशिक बदली | मेघगर्जन/चट्याङ्ग, हावाहुरी | साताको शुरु र अन्त्यमा एक दुई स्थानमा र मध्यमा थोरै स्थानहरूमा मेघगर्जन/चट्याङ्ग, हावाहुरी सहित हल्का देखि मध्यम वर्षा |
| गण्डकी प्रदेश | हिमाल/उच्च पहाड | हल्का वर्षा/ हिमपात | उल्लेखनीय परिवर्तन नहुने | उल्लेखनीय परिवर्तन नहुने | आंशिक देखि साधारणतया बदली | | साताको शुरुमा एक-दुई स्थानमा तथा मध्य र अन्त्यमा थोरै स्थानहरूमा हल्का वर्षा/ हिमपात |
| | पहाड | हल्का देखि मध्यम वर्षा | साताको शुरुमा हल्का बढ्ने | उल्लेखनीय परिवर्तन नहुने | आंशिक देखि साधारणतया बदली | मेघगर्जन/चट्याङ्ग, हावाहुरी | थोरै स्थानहरूमा मेघगर्जन/चट्याङ्ग, हावाहुरी सहित हल्का देखि मध्यम वर्षा |
| | तराई | हल्का देखि मध्यम वर्षा | हल्का बढ्ने | उल्लेखनीय परिवर्तन नहुने | साताको शुरुमा, आंशिक बदली देखि मौसम मूख्यतया सफा, मध्य र अन्त्यमा आंशिक देखि साधारणतया बदली | मेघगर्जन/चट्याङ्ग, हावाहुरी | एक-दुई स्थानमा मेघगर्जन/चट्याङ्ग, हावाहुरी सहित हल्का देखि मध्यम वर्षा |
| लुम्बिनी प्रदेश | पहाड | हल्का देखि मध्यम वर्षा | साताको शुरुमा हल्का बढ्ने | साताको शुरुमा हल्का बढ्ने | आंशिक देखि साधारणतया बदली | मेघगर्जन/चट्याङ्ग, हावाहुरी | साताको शुरु र अन्त्यमा एक दुई स्थानमा र मध्यमा थोरै स्थानहरूमा मेघगर्जन/चट्याङ्ग, हावाहुरी सहित हल्का देखि मध्यम वर्षा |
| | तराई | हल्का देखि मध्यम वर्षा | हल्का बढ्ने | हल्का बढ्ने | आंशिक बदली देखि मौसम मूख्यतया सफा | मेघगर्जन/चट्याङ्ग, हावाहुरी | एक-दुई स्थानमा मेघगर्जन/चट्याङ्ग, हावाहुरी सहित हल्का देखि मध्यम वर्षा |
| कर्णाली प्रदेश | हिमाल/उच्च पहाड | हल्का वर्षा/ हिमपात | हल्का बढ्ने | उल्लेखनीय परिवर्तन नहुने | आंशिक देखि साधारणतया बदली | मेघगर्जन/चट्याङ्ग, हावाहुरी | साताको शुरू एक-दुई स्थानमा हल्का वर्षा/हिमपात साथै मध्य र अन्त्यमा थोरै स्थानहरुमा हल्का वर्षा/ हिमपात तथा |
| | पहाड | हल्का देखि मध्यम वर्षा | हल्का बढ्ने | उल्लेखनीय परिवर्तन नहुने | आंशिक देखि साधारणतया बदली | मेघगर्जन/चट्याङ्ग, हावाहुरी | थोरै स्थानहरुमा मेघगर्जन/चट्याङ्ग, हावाहुरी सहित हल्का देखि मध्यम वर्षा |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| **सुदूरपश्चिम प्रदेश** | हिमाल/उच्च पहाड | हल्का वर्षा/ हिमपात | उल्लेखनीय परिवर्तन नहुने | उल्लेखनीय परिवर्तन नहुने | आंशिक देखि साधारणतया बदली | | एक-दुई स्थानमा हल्का वर्षा/ हिमपात |
| | पहाड | हल्का देखि मध्यम वर्षा | हल्का बढ्ने | उल्लेखनीय परिवर्तन नहुने | साताको शुरू र मध्यमा आंशिक बदली देखि साधारणतया बदली तथा अन्त्यमा आंशिक बदली देखि मूख्यतया सफा | मेघगर्जन/चट्याङ्ग, हावाहुरी | साताको शुरू र अन्त्यमा एक-दुई स्थानमा साथै मध्यमा थोरै स्थानहरुमा मेघगर्जन/चट्याङ्ग, हावाहुरी सहित हल्का देखि मध्यम वर्षा |
| | तराई | हल्का देखि मध्यम वर्षा | हल्का बढ्ने | हल्का बढ्ने | आंशिक देखि मूख्यतया सफा | मेघगर्जन/चट्याङ्ग, हावाहुरी | साताको मध्यमा एक-दुई स्थानहमा मेघगर्जन / चट्याङ्ग, हावाहुरी सहित हल्का वर्षा |

***नोटः*** *साताको शुरुले शुक्रबार र शनिबार, साताको मध्यले आइतबार, सोमबार र मंगलबार तथा साताको अन्त्यले बुधबार र बिहीबारलाई जनाउँछ। मौसम पूर्वानुमान सम्वन्धी विस्तृत जानकारीको लागी हरेक दिन बिहान ६ बजे र बेलुका ६ बजे अध्यावधिक हुने महाशाखाको वेबसाइट http://www.mfd.gov.np हेर्नुहोस्।*

# कृषि सल्लाह

## आगामी मनसुन सिजनको हावापानी आँकलनको आधारमा सल्लाह

- आगामी मनसुन सिजनमा देशका अधिकांश स्थानहरुमा सरदर वा सरदर भन्दा बढी वर्षा हुने संभावना देखिएकाले सम्भावित जोखिम न्यूनीकरणका लागि कृषि कर्महरु गर्दा पुर्व तयारी कार्यलाई विशेष ध्यान दिनुहोस्।
- मनसुनको शुरुवातमा सुख्खा तथा उत्तरार्द्धमा बढी पानी पर्ने देखिएकाले सुख्खा र डुबान सहन सक्ने सिफारिश गरिएका धानका जातहरु आवश्यकता अनुसार लगाउनुहोस्।
- सवै प्रकारका बाली लगाउनुपूर्व जमीन तयारी गर्दा नै पानी निकासको उचित व्यवस्था गर्नुहोस्।
- खासगरी मध्य पहाडी क्षेत्रमा अत्यधिक वर्षाले निम्त्याउन सक्ने बाढी, पहिरो ईत्यादीको जोखिम नियन्त्रणका लागि कृषि कार्य गर्दा गह्राकान्ला खेती प्रणालीलाई प्राथमिकता दिनुहोस्।
- संरक्षित संरचना (प्लास्टिक घर) निर्माण गरी खेती गर्न तयारी गर्नुहुने किसानहरुले यस्ता संरचना बनाउँदा पानी नजम्ने स्थान छान्नुहोस्। साथै यस्ता संरचनाभित्र खेती गरिरहनुभएका कृषकले संरचनाहरुको निरीक्षण गरी मनसुनपूर्व आवश्यक मर्मत-संभार कार्य गर्नुहोस्।

## खाद्यान्नबाली

- सिंचाइ र पानीको निकास राम्रो भएको धान खेतीमा जलवायु मैत्री कृषि प्रविधिहरु जस्तैः सुख्खा छरुवा (सीड ड्रिल), हिले छरुवा (ड्रम सिडर) तथा राईस ट्रान्सप्लान्टर प्रयोग गरी लागत न्यूनीकरण गर्नुहोस्। यी प्रविधिहरुबारे विस्तृत जानकारी क्रमशः अनुसूची-२ र अनुसूची-३ मा दिईएको छ।
- राईस ट्रान्सप्लान्टर बाट धान रोप्नका लागि बेर्ना तयारी गर्दा विशेष ध्यान दिनुहोस्। यसबारे विस्तृत जानकारी अनुसूची-४ मा दिईएको छ।
- वर्षे धानबालीवाट राम्रो उत्पादन लिन आफूले लगाउन चाहेको ठाँउ अनुसारको लागि सिफारिस गरिएका धानका उन्नत जातहरुको बीउ भरपर्दो श्रोतबाट व्यवस्था गरी व्याड राख्नुहोस्।
  - तराई, भित्रि मधेस, तल्लो पहाडी बेंशीका सिंचित क्षेत्रको लागि बहुगुणी धान-१, बहुगुणी धान-२, हर्दिनाथ-३, हर्दिनाथ-४, हर्दिनाथ हाइब्रिड धान-१, हर्दिनाथ हाइब्रिड धान-३, मिथिला, रामपुर मन्सुली, सावित्री, रामधान तथा असिंचित क्षेत्रको लागि सुख्खा धान-१, सुख्खा धान-२, सुख्खा धान-३, सुख्खा धान-४, सुख्खा धान-५, सुख्खा धान-६, तरहरा-१ र हर्दिनाथ-२
  - घैया धानको लागि घैया-१, घैया-२ र विन्देश्वरी
  - डुबान/बाढीग्रस्त क्षेत्रका लागि गंगासागर-१, गंगासागर-२, स्वर्ण सब-१ र सम्बा मन्सुली सब-१
  - मध्यपहाडी क्षेत्रका लागि खुमल-४, खुमल-८, खुमल-१०, खुमल-११, खुमल-१२, खुमल-१३, खुमल-१४, खुमल बासमती-१६

- छरुवा धानखेतीको लागि तराई तथा भित्री मधेसमा सुख्खा धान-१, सुख्खा धान-२, सुख्खा धान-३, तरहरा-१, हर्दिनाथ-२, घैया-२, राधा-४ र विन्देश्वरी

- एक रोपनी जमीनमा वर्षे धान खेती गर्न २५ वर्गमीटर क्षेत्रफलको वा एक कठ्ठाको लागि १५ वर्गमीटर क्षेत्रफलको ब्याड तयार गर्दा राम्ररी पाकेको गोबरमल/कम्पोष्ट मल २०-२५ डोको प्रति कट्ठा वा ३०-३५ डोको प्रति रोपनीका दरले माटोमा राम्ररी मिलाई १.६ के.जी. बीउ प्रति कट्ठा वा २.५ के.जी. बीउ प्रति रोपनीका दरले (१० वर्गमिटरमा १ के.जी. बीउका दरले) प्रयोग गर्नुहोस्।
- धानको बीउलाई ब्याडमा राख्न वा सिधै छरुवा बिधिबाट खेतमा छर्नुअघि अनुसूची-५ मा दिईएको बीउ छाान्ने बिधिद्वारा बीउलाई छानी बेभिष्टिन, ३.० ग्राम प्रति के.जी. बीउको दरले उपचार गरेर मात्र प्रयोग गर्नुहोस्।
- चैते धानमा पतेरो कीरा (Rice gundhi bug) लाग्ने समय भएकोले नियमीत अनुगमन गर्नुहोस्। नोक्सानी कम गर्न खेत भित्र तथा वरपरको झारपात गोडमेल गरी पतेरोको बैकल्पिक आश्रय नष्ट गर्ने; प्रकाश पासोको प्रयोग गरी बयस्क कीरालाइ मार्नुहोस्। साथै, बयस्क कीरा व्यवस्थापनको लागि स्थानीय रुपमा डर्टी ट्र्याप (गाई, भैंसीको ताजा पिसावमा कपडा वा जुटको बोरालाई भिजाएर एउटा लठ्ठीको छेउमा बाँध्ने र उक्त लठ्ठीलाई धानखेतको बीचमा लगेर गाड्ने, ट्र्यापमा आकर्षित भएका पतेरोहरुलाई बाहिरपट्टिबाट प्लाष्टिकको झोलाले छोपी संकलन गरी मार्ने) को प्रयोग गर्नुहोस्। प्रकोप ज्यादा भएमा मालाथियन ५०% ई.सी. वा साइपरमेथ्रीन २५% ई.सी., २.० एम.एल. प्रति लिटर पानीका दरले बोट राम्ररि भिज्नेगरि साँझको समयमा छर्नुहोस्।
- धानबालीमा हरियो मलको रुपमा ढैंचा खेतीको व्यवस्थापन बारे अनुसूची-६ मा विस्तृतमा दिईएको छ।
- मकैबालीको अवस्था अनुसार नेपाल कृषि अनुसन्धान परिषदबाट अध्यावधिक गरिएको सिफारिस मात्रा (अनुसूची-७) अनुसार युरिया टपड्रेस गर्नुहोस्।
- तापक्रम बृद्धि सँगसँगै हुने बर्षाले मकैमा लाग्ने अमेरिकी फौजी कीरा (Spodoptera frugiperda) को जनसंख्या बृद्धिलाई अनुकूल हुने भएकाले कीराको संख्या तथा क्षतिको आँकलन गर्न वयस्कको लागि बत्ति र फेरोमन पासोको तथा लार्भाको लागि खाल्डे पासोको प्रयोग गर्नुहोस्। प्रकोप ज्यादा भएमा नोक्सानी कम गर्न इमामेक्टिन बेन्जोएट ५% एस.जी., ०.४ ग्राम वा स्पिनोस्याड ४५% एस.सी., ०.३ एम.एल. वा स्पाइनेटोराम ११.७ % एस.सी., ०.५ एम.एल. प्रति लिटर पानीको दरले बोट भिज्नेगरि ७ दिनको फरकमा २-३ पटक छर्नुहोस्। एउटै विषादी निरन्तर प्रयोग नगरि आलोपालो गरि प्रयोग गर्नुहोस् तथा घोगा लागिसकेपछि विषादी प्रयोग नगर्नुहोस्।
- भटमास र मुंग बालीको जरा कुहिने रोग व्यवस्थापनको लागि पानी निकासको उचित व्यवस्था गर्नुहोस्। साथै, रोग देखिएमा कार्वेन्डाजिमयुक्त विषादी २ ग्राम प्रति लिटर पानीको दरले ड्रेन्चिङ गर्नुहोस्।

## फलफूल बाली

- सामान्य भण्डार कोठामा भण्डारण गरिएका विभिन्न फलफूल तथा तरकारीबाट जलवाष्प (Moisture) उडेर जाने क्रम न्यूनीकरण गर्नको लागि भण्डार कोठा वरिपरि पानी छर्कनुहोस् साथै झ्याल, भेन्टिलेशन र ढोकामा भिजेको जुटको बोरा राखी आवश्यक ओसको व्यवस्था गर्नुहोस्।
- तापक्रम वृद्धिसँगै विभिन्न लेकाली फलफूल बालीका नयाँ पालुवाहरुमा लाही कीरा, कत्ले कीरा, सुलसुले जस्ता चुसाहा कीराहरुको प्रकोप बढ्ने भएकोले यिनीहरुको प्रकोप कम गर्न खनिज तेल १५ एम.एल. प्रति लिटर पानीमा मिसाई १५ दिनको फरकमा छर्नुहोस्।
- स्याउको बोटमा लाग्ने टेन्ट क्याटरपिलर व्यवस्थापनको लागि टेन्ट समेतको हाँगालाई काटेर जलाउनुहोस् वा साबुन पानीको झोलमा डुबाउनुहोस्। कीराको प्रकोप व्यवस्थापनको लागि क्लोरपाईरिफस (२० % ई.सी.) २ एम. एल. प्रति लिटर पानीमा मिसाई बोट भिज्नेगरि छर्नुहोस्।

- स्याउमा लाग्ने भुवादार लाही कीराको व्यवस्थापनको लागि नियमित अनुगमन गरि एकिकृत व्यवस्थापन विधि अपनाउनुहोस्। लाही कीराबाट संक्रमित हाँगा, मुनाहरु संकलन गरी नष्ट गर्नुहोस्। लजालु स्वभावका परजीवी खपटे कीराहरुले यसलाई नोक्सानी पुर्याउने भएकोले यसको संवर्धन गर्नुहोस्, परजिवी कीरा एफिलिनस माली (Aphelinus mali) को प्रयोग गर्नुहोस्। खनिज तेल (Mineral oil) १०-१५ एम.एल. प्रति लिटर पानीमा मिसाई भुवादार लाही लागेको स्थानमा भिज्नेगरि सात-सात दिनको अन्तरालमा तीनपटक छर्कनुहोस्।
- यो समयमा केरामा नयाँ कोथा आउने भएकोले नियमित अवलोकन गरि २ वटा कोथा मात्र राख्नुहोस्।
- केरामा पोटासियमको कमि भएमा पुराना पातको टुप्पो पहेंलो हुने तथा भित्रै बांगिएर मर्ने (Chlorosis), बोटको आँख्ला छोटो भई होचो हुने तथा केराको काईंयो छोटो, पातलो, फलको आकार बिग्रिने हुनाले पुस-माघमा पोटास नराखु भएको भए यसै महिनामा ४०० ग्राम म्युरेट अफ पोटास प्रति बोट प्रति वर्षको दरले राख्नुहोस्।
- केरामा लाग्ने कोत्रे कीराको अनुकूल मौसम रहेकोले यसको नियमित अनुगमन गरि आवश्यकता अनुसार व्यवस्थापनको लागि बेलुकाको समयमा गाईको गहुँत (१ भाग गहुँत र ४ भाग पानी मिसाएर राखेको झोल) वा कुनै नीमजन्य बिषादी (५ एम.एल. प्रति लिटर पानीमा मिसाई) फल लागेको ठाउँमा छर्कनुहोस्।
- सुन्तलाजात (जुनार, निबुवा, भोगटे, सुन्तला) फलफूलमा फल कुहाउने औंसा कीरा (चिनिया औंसाकीरा, Bactrocera minax) ले मसिना फलहरुमा फुल पार्न अनुकूल वातावरण भएकोले कीरा व्यवस्थापनको लागि १ भाग प्रोटीन बेटलाई २ भाग पानीमा मिसाई प्रत्येक ३ बोटमध्ये १ बोटमा पातको तल्लोपट्टि ५० वर्ग से.मी. क्षेत्रफलमा पर्नेगरी साउन महिनासम्म प्रत्येक हप्ता स्प्रे गर्नुहोस्।
- बढी तापक्रममा चुसाहा कीराहरुको सक्रियताले फलफूल बालीमा कालो ध्वाँसे ढुसी (Sooty Mold) देखिने हुँदा नयाँ पात र पालुवामा कालो ध्वाँसे ढुसी देखिएमा १५ एम.एल. खनिज तेल प्रति लिटर पानीमा घोली १०-१२ दिनको फरकमा ढुसी लागेको भाग भिज्नेगरि छर्कनुहोस्।

## तरकारी बाली

- उच्च पहाडमा लगाएको आलुबालीमा गोडमेल गरी उकेरा दिनुहोस्। बीउको लागि लगाएको आलुबालीमा रगिंग (बेजातका, भाइरसका रोगी, कमजोर र खिरिला बोटहरु उखेल्ने) गर्नुहोस्।
- उच्च पहाडमा लगाईएको आलुबालीमा डढुवा रोगको नियमित अनुगमन गर्नुहोस्। पछौटे डढुवाको संक्रमण भएमा आलुबालीको पात, डाँठ तथा मुनामा चित्रमा देखाएजस्ता लक्षणहरू देखा पर्दछन्। यस्ता लक्षण देखापरेमा मेन्कोजेब ७५% डब्लु.पी. २ ग्राम प्रतिलिटर पानीमा मिसाएर आलुको बोट भिज्नेगरी अपरान्हपछि स्प्रे गर्नुहोस्। प्रकोप बढी भएमा फेनामिडोन १०% + मेन्कोजेब ५०% डब्लु.जी. वा डाइमेथोमोर्फ ५०% डब्लु.पी. १.५ ग्राम प्रतिलिटर पानीमा मिसाएर बोटको सम्पुर्ण भाग भिज्नेगरी छर्कनुहोस्।
- आलुको पुतलीले सामान्यतया भण्डारणमा असर गर्ने भएतापनि आलु खन्ने समयमा लामो समयसम्म खेतबारीमा थुपारेर राख्दा उक्त थुप्रोमा पुतलीले फुल पार्ने र भण्डारणमा असर गर्ने भएकोले खन्ने समयमा ध्यान पुर्याउनुहोस्। तापक्रम बृद्धिसँगै आलुको भण्डारणमा लाग्ने पुतली (जोताहा कीरा) सक्रिय भई ज्यादा नोक्सानी गर्ने भएकोले खनेको आलुलाइ अँध्यारो, सुख्खा र चिसो ठाँउ (१०-१५ डिग्री सेल्सियस तापक्रम) मा काठका बाकस, प्लाष्टिकका क्रेट वा -याकमा फिंजाएर ३ तहसम्म मिलाएर राख्नुहोस्। स्थानीय रुपमा घरमा नै भण्डारण गरेको आलुलाई आलुको पुतलीबाट हुने क्षति कम गर्न बोझोको धुलो २ ग्राम प्रति के.जी. आलुका दरले प्रयोग गर्नुहोस्।
- फल दिने बाली गोलभेंडा, भण्टालाई अरु बाली भन्दा अलि बढि खाद्यतत्वको आवश्यकता हुने भएकोले पहिलो बाली टिपिएको हरेक १५-२० दिनको फरकमा युरिया मल १० ग्राम प्रति बोटको दरले टपड्रेस गर्नुहोस्। यस्तै गरि सुक्ष्म खाद्यतत्व जस्तै- मल्टिप्लेक्स/ ट्रिप्लेक्स/एग्रोमिन २ एम.एल. प्रति लिटर पानीमा घोलेर बोटमा स्प्रे गर्नुहोस्।

- सिमी बालीमा सिंदूरे रोग व्यवस्थापनको लागि शुरुवाती अवस्थामा प्रकोप देखिएका पातहरु हटाई जलाउने र प्रकोप धेरै भएमा टिल्ट १ एम.एल. प्रति लिटर पानीमा घोलेर बोट भिज्नेगरि छर्कनुहोस्।
- काँक्रो, फर्सी समुहको लहरे बालीमा लिफ माइनरको प्रकोप कम गर्नको लागि तल-तलको पुरानो पातहरु हटाउनुहोस्।
- काँक्रो, फर्सी समुहको लहरे बालीमा पाउडरी मिल्ड्युको व्यवस्थापनको लागि सल्फरयुक्त विषादी डाइनोक्याब १.५ एम.एल. प्रति लिटर पानीमा मिसाई सम्पूर्ण पात भिज्नेगरि ७-१० दिनको फरकमा २-३ पटक छर्कनुहोस्।
- फर्सी समुहको तरकारी बालीमा लाग्ने चोप निस्कने डढुवा रोग (Gummy stem blight) को लागि अनुकूल मौसम रहेकोले रोग व्यवस्थापनको लागि मरेका बोटहरु, रोगग्रस्त पातहरु र रोग लागेर ओइलाएका हाँगाहरु रोग लागेको ठाँउभन्दा ४-५ इन्च मुनीबाट काटेर जम्मा गरि नष्ट गर्नुहोस्। रोगको लक्षण देखापरेमा मेन्कोजेवयुक्त वा क्लोरोथालोनिल नामक विषादी २ ग्राम प्रति लिटर पानीका दरले ८-१० दिनको फरकमा २-३ पटकसम्म सम्पूर्ण बोट भिज्नेगरि छर्केर उपचार गर्नुहोस्।
- काँक्रो, फर्सी समुहको लहरे बालीलाई फल कुहाउने औंसाबाट जोगाउनको लागि क्यु ल्युर युक्त बोटल ट्रयाप प्रति रोपनी ६-८ वटाको दरले राख्नुहोस्। यस्तै फलफूल बालीमा मिथायल इयुजिनल युक्त बोटल ट्र्याप प्रति कट्ठा १०-१२ ओटाको दरले राख्नुहोस्। साथै प्रत्येक २ हप्तामा नयाँ ल्युर युक्त बोटल फेर्नुहोस्। मालाथियन ५०% इ.सी., २ एम.एल. प्रति लिटर र २ ग्राम चिनी (भेली) पानीमा मिसाएर प्रति हेक्टर २०-२५ ठाँउमा फूल फुल्नु अगाडीदेखि १५-१५ दिनको फरकमा छर्नुहोस्।
- बिभिन्न बालीहरुमा सेतो झिंगाले आर्थिक नोक्सानी गर्नुको साथै भाइरस रोगहरु पनि सार्ने हुँदा जैविक विषादी, भर्टिसिलियम लेकानी २ एम.एल. प्रति लिटर पानीमा मिसाई छर्कनुहोस्। प्रकोप ज्यादा भएर रासायनिक विषादी प्रयोग गर्नुपरेमा निटेन पाईराम १०% एस.एल्, १ एम.एल. प्रति ३ लिटर पानीमा घोलेर पातको पछाडिको भाग भिज्नेगरि स्प्रे गर्नुहोस्।
- भिंडीमा फल तथा डाँठमा लाग्ने गवारो कीराको प्रकोप धेरै भएमा क्लोरनट्रानीलीप्रोल (Chlorantraniliprole १८.५% SC) वा स्पिनोसाड (Spinosad ४५% SC) १ एम.एल. प्रति ३ लिटर पानीमा मिसाएर छर्कनुहोस्। एउटै बिषादी निरन्तर प्रयोग नगरेर आलोपालो गरी प्रयोग गर्नुहोस्।
- खनेको प्याजको बोटलाई २-३ दिन छाँयामा फिँजाएर मात्र टुप्पा काटी गाना अलग गर्नुहोस्। रोग लागेर बिग्रेको गानालाई हटाई केहि दिन सुकाएर प्याजको साईज अनुसार छुट्याएर भण्डारण गर्नुहोस्। साधारण अवस्थामा प्याजलाई खुला हावा लाग्ने बाँसको वा अन्य -याकमा भण्डारण गर्नुहोस्।
- कोसामा लाग्ने गवारो (Pod borer) कीरा व्यवस्थापनको लागी प्रकोप कम भएमा मालाथियन ५०% ई.सि. वा रोगर ३०% ई.सी. २.५ एम.एल. प्रति लिटर पानीमा मिसाएर र प्रकोप ज्यादा भएमा क्लोरनट्रानिलिप्रोल (Chlorantraniliprole १८.५% SC) वा स्पिनोसाड (Spinosad ४५% SC) १ एम.एल. प्रति ३ लिटर पानीमा मिसाएर साँझपख छर्कनुहोस्। एउटै बिषादी निरन्तर प्रयोग नगरेर आलोपालो गरी प्रयोग गर्नुहोस्।



केराउ/सिमिमा लाग्ने वयस्क गवारो



गवारो कीराको लार्भा

- खुर्सानीमा भाइरस रोग लागेको भएमा भिर्कोन एच झोल १ एम. एल. प्रति लिटर पानीमा मिसाइ छर्कनुहोस्।

## अन्य

- मौरी घारमा रोग, सुलसुले र रानु भए नभएको नियमित अवलोकन गर्नुहोस्। तापक्रम र आर्द्रतामा प्राय:जसो उतार-चढाव भइरहेको हुनाले यस्तो बेलामा मौरीको छाउरा कुहिने रोग (Foul brood disease) लाग्ने संभावना हुने भएकोले मौरी घारको नियमित अनुगमन गर्नुहोस्।

- देशको पूर्वी तराईका जुटबालीमा झुसिलकीराको प्रकोपले रेसाको गुणस्तर र उत्पादनमा ह्रास हुने हुँदा व्यवस्थापनको लागि क्लोरपाईरीफस (१६% ई.सी.) २.५ एम.एल. प्रति लिटर पानीमा स्टिकर मिसाई १५-२० दिनको फरकमा प्रकोप हेरी ३-४ पटकसम्म साँझपख छर्नुहोस्।



चित्र: जुटको झुसिलकीराको बयस्क



चित्र: जुटको झुसिलकीरा

# पशुपालन

## गाई, भैंसी, भेडा, बाख्रा

- तापक्रम बढ्दै जाँदा पशुवस्तुमा किर्ना र लुतोको समस्या देखा पर्न सक्दछ। त्यसकारण समयमै आफ्ना पशुबस्तुको राम्ररी बाह्य परिजिवीको प्रकोप भए नभएको निरिक्षण गर्नुहोस्। यदि पशुवस्तुमा किर्ना परेमा पहिला घरेलु उपचार बिधि अपनाउनुहोस्।
  - २०० ग्राम नुन, ४ लिटर पानीमा घोलेर यसै झोलले नुहाईदिनुहोस्।
  - ५० एम.एल. नरिवलको तेल, १०० ग्राम गन्धक र ५० ग्राम अदुवा मिसाई तताएर चिसो पार्ने र पशुको जिउभरि लगाइदिनुहोस्।
  - ३०० ग्राम सुकेको सुर्तिको पातलाई १ लिटर पानीमा भिजाउने र १ चम्चा नुन हालेर यसलाई ३ घण्टासम्म यथावत राखे र ३ घण्टापछि यो झोल पशुको जीउभरी लगाउनुहोस्।
- पशुहरुमा किर्नाको टोकाईबाट लहुमुते रोग (प्रायः कफी रंगको वा रातो रंगको पिसाव फेर्ने; उक्त पिसाव आधा घण्टा जति सफा टेस्टट्युव/ शिसाको गिलासमा नहल्लाई राख्दा सतहमा रगत नजम्ने) सर्ने भएकोले किर्नाबाट पशुहरुलाई जोगाउन बुटक्स २ एम.एल. प्रति लिटर पानीमा मिसाई किर्ना भएको ठाँउमा हप्तामा २ पटकको दरले ४ हप्तासम्म स्प्रे गर्नुहोस्।
- भेडा, बाख्रामा लाग्ने फित्ते जुकाको लागी प्राजिक्वान्टेल, १०-१५ एम.जी. प्रति के.जी. शारीरिक तौलका दरले खुवाउनुहोस्।

## कुखुरा, हाँस, बंगुर

- कुखुरा, हाँस हाल, नेपालका धेरै स्थानहरुका ब्रोईलर कुखुराहरुमा बहुऔषधि प्रतिरोधी ई. कोलाई जिवाणुजन्य संक्रमण निकै बढेको पाईएकोले, ब्रोईलर कुखुराहरु १-१४ दिनसम्म हुँदा निम्न बुँदाहरुमा ध्यान पुर्याउनुहोस्।
  - एक दिने चल्लालाई, नमूनाहरुको प्रयोगशाला परिक्षण नगरी जथाभावी रुपमा एन्टिबायोटिक औषधिहरु नुखुवाउनुहोस्।
  - चल्लाको शरिरको तापक्रम ४०-४१ डिग्री सेन्टिग्रेड हुने हुँदा त्यही अनुपातमा ब्रुडिङ स्थानलाई न्यानो र सफा राख्नुहोस्।
  - चल्लाहरुलाई दिने पानीमा उच्च गुणस्तरका, अम्लीयपन कम गर्न एसिडिफायर र सुक्ष्मजीवाणुहरु कम गर्न स्यानिटाईजर प्रयोग गर्नुहोस्। यदि पानीबाट खोप खुवाउने चलन छ भने, खोप खुवाउनु भन्दा १ दिन पहिले र एक दिनपछि सम्म भने यस्ता पानी सफा गर्ने औषधिहरु प्रयोग नगर्नुहोस्।
  - दाना-पानीका भाँडाहरु सम्भव भएसम्म हरेक दिन साबनु पानीले ब्रसहरु प्रयोग गरी राम्रोसंग सफा गर्नुहोस्।
  - चल्लाहरुलाई, आवश्यकता अनुसारले नमूनाहरुको प्रयोगशाला परिक्षण नगरी जथाभावी रुपमा एन्टिबायोटिक औषधिहरु कदापि नुखुवाउनुहोस्।
  - गर्मीबाट हुने तनाव कम गर्नका लागि चल्लालाई चिसो पानीमा इलेक्ट्रोलाइट, र भिटामिन थप गरी बिहान ११:०० बजे आसपासको समयमा खान दिनुहोस्।
- कुखुराको खोरमा हावाहुरीबाट हुने क्षति न्यूनीकरण गर्न अत्याधिक हावाहुरी लागेको समयमा मात्र खोरभित्रको पर्दा लगाउनुहोस्।

## मत्स्यपालन

- वातावरणीय उतारचढावले कार्प माछामा इ.यु.एस. (Epizootic Ulcerative Syndrome) संक्रमित भई शरीरमा स-साना राता धब्बाहरु देखि गहिरो घाउ देखापरेमा सिफालेक्सिन (Ciphalexin) ८० एम.जी. प्रति के.जी. माछाको दरले दानामा मिसाई १५ दिनसम्म खुवाउनुहोस्। साथै प्रति कठ्ठा जलाशयको उपचारका लागि कोर्सोलिन टि.एच. (Kohrsolin TH) ३० मिलिलिटर र चुना १४ के.जी. का दरले प्रकोप हेरी एक हप्ताको अन्तरालमा बढीमा तीनपटक सम्म प्रयोग गर्नुहोस्।
- स्थानीय कार्प (रहू, नैनी र भाकुर) माछाको प्रजनन मौसम भएकोले माउ माछाको व्यवहार परिवर्तनको दैनिक रेकर्डका आधारमा प्रत्येक हप्ता माउ पोखरीबाट परिपक्क माउ छनौट गरेर करीब २४ घण्टा होल्डिङ्ग ट्याङ्कीमा अनुकुलन गरि प्रजनन गर्नुहोस्।
- देशको तराईका भू-भागहरुमा उच्च तापक्रमका कारण माछामा हुने क्षती न्यूनीकरणका लागि एरेटरको नियमित प्रयोग गर्नुहोस् तथा पम्पको प्रयोग गरी पानीको तापक्रम स्थिर राख्नुहोस्।
- तराई र मध्यपहाडका सरकारी तथा नीजि कार्प ह्याचरीहरुमा भुरा बिक्री भैरहेको हुँदा भुराको ढुवानी बिहान वा रातीको समयमा मात्र गर्नुहोस्। यसरी ढुवानी गरिएका भुरालाई लगेर पोखरीको पानीमा प्याकेट नखोली ३० मिनेटसम्म तापक्रम अनुकूलन गराएर मात्र विस्तारै हुर्कौंला पोखरीमा खन्याउनुहोस्।
- तराईका जिल्लाहरुमा ग्रासकार्प जातका माछाका ह्याचलिङ्ग तथा भुरा बिक्री वितरण भईरहेको हुँदा मत्स्यपालन गर्ने कृषकहरुले नजिकैको सरकारी/नीजि ह्याचरीहरुमा सम्पर्क गर्नुहोस्।
- तराईका जिल्लाहरुमा सिल्भर र बिगहेड कार्प जातका माछाको प्रजनन समय नजिकिएको हुँदा प्रजननयोग्य माउ माछाहरुलाई छनौट गरी छुट्टै पोखरीमा राख्नुहोस्। साथै, २८-३०% प्रोटिनयुक्त पेलेट दानामा २% मिनरल्स मिक्स र भिटामिन प्रिमिक्स थप गरी खुवाउनुहोस्।
- यस समयमा नर्सिङ्ग पोखरीमा ब्याक स्विमर कीराले माछा भुरामा क्षति पुर्याउने हुँदा १.५ कठ्ठा भुरा हुर्काउने पोखरीमा ८ लिटर डिजेल, २ लिटर डढेको मोबिल र ५०० ग्राम सर्फ मिसाई बनेको घोललाई हावा नचलेको बेला बिहानीपख चारै कुनामा पर्नेगरि छर्कनुहोस्। तत्पश्चात ४-५ घण्टा सो पानीको सतहलाई नचलाउनुहोस्।

### कृषि-मौसम सल्लाह बुलेटिन तयारी गर्ने विशेषज्ञ समूह

| क्र.सं | नाम थर | कार्यक्षेत्र | कार्यालय | इ-मेल | सम्पर्क फोन |
|---|---|---|---|---|---|
| १ | डा. ध्रुवराज भट्टराई | बागवानी | राष्ट्रिय कृषि वातावरण अनुसन्धान केन्द्र, खुमलटार | raj01dhruba@gmail.com | ९८५१०३८५३९ |
| २ | नविन गोपाल प्रधान | बागवानी | राष्ट्रिय बागवानी अनुसन्धान केन्द्र, खुमलटार | navin.pradhan@gmail.com | ९८५११००८२० |
| ३ | राजेन्द्र कुमार भट्टराई | बाली बिज्ञान | राष्ट्रिय बाली विज्ञान अनुसन्धान केन्द्र, खुमलटार | rkbhattarai@gmail.com | ९८४३४७२२७० |
| ४ | चेतना मानन्धर | बाली रोग | राष्ट्रिय बाली रोग बिज्ञान अनुसन्धान केन्द्र, खुमलटार | chetana.manandhar@gmail.com | ९८४१६२४१८१ |
| ५ | डा. प्रदीप शाह | बाली बिज्ञान | राष्ट्रिय कृषि वातावरण अनुसन्धान केन्द्र, खुमलटार | pradeep75shah@gmail.com | ९८४५०५१८९७ |
| ६ | सुदीप कुमार उपाध्याय | कीट बिज्ञान | राष्ट्रिय कीट विज्ञान अनुसन्धान केन्द्र, खुमलटार | sudeeppdl@gmail.com | ९८४२४३७१५३ |
| ७ | डा. नारायण पौडेल | पशु स्वास्थ्य | राष्ट्रिय पशु स्वास्थ्य अनुसन्धान केन्द्र, खुमलटार | narayan.paudyal@narc.gov.np | ९८६३३३५०४६ |
| ८ | डा. नबिन रावल | माटो विज्ञान | राष्ट्रिय माटो विज्ञान अनुसन्धान केन्द्र, खुमलटार | nabin_rawal@yahoo.com | ९८५७०६५०२१ |
| ९ | शिवा अर्याल | बागवानी | राष्ट्रिय फलफूल विकास केन्द्र, किर्तीपुर | sivaaryal@gmail.com | ९८४१३८०५१० |
| १० | ऋषिराम अधिकारी | कृषि सञ्चार | राष्ट्रिय कृषि प्रविधि सूचना केन्द्र, खुमलटार | adhikari_rishi@yahoo.com | ९८४१९७९२८९ |
| ११ | डा. रुपा वास्तोला | पशु आहारा | राष्ट्रिय पशु आहारा अनुसन्धान केन्द्र, खुमलटार | bastola_rupa@yahoo.com | ९८४१३१९८३९ |
| १२ | मुक्ति नाथ झा | कृषि इन्जिनियरिङ्ग | राष्ट्रिय कृषि ईन्जिनियरिङ्ग अनुसन्धान केन्द्र, खुमलटार | muktinath2043@gmail.com | ९८६३३८२२५४ |
| १३ | रामेश्वर रिमाल | कृषि-मौसम | राष्ट्रिय कृषि वातावरण अनुसन्धान केन्द्र, खुमलटार | rameshwarrimal@gmail.com | ९८५१०४४१३० |
| १४ | डा. संजिव पंडित | पशु स्वास्थ्य | कृषि सूचना तथा प्रशिक्षण केन्द्र, हरिहरभवन, ललितपुर | panditsanjiv2046@gmail.com | ९८४५३२९५४२ |
| १५ | शिव प्रसाद नेपाल | कृषि-मौसम | जल तथा मौसम विज्ञान विभाग, बबरमहल, काठमाडौं | binod.dhakal657@gmail.com | ९८४६२१६१७५ |
| १६ | सरोज पुडासैनी | मौसम पूर्वानुमान | मौसम पूर्वानुमान महाशाखा, गौचर, त्रि. अ. बि. | mfddhm@gmail.com | ०१-४११३१९१ |
| १७ | चुरामणि भुसाल | मत्स्य विज्ञान | राष्ट्रिय मत्स्य अनुसन्धान केन्द्र, गोदावरी | bhusalchuramani12@gmail.com | ९८४५६३०४६१ |
| १८ | निला पौडेल | आलुबाली | राष्ट्रिय आलुबाली अनुसन्धान कार्यक्रम | neelapaudel@gmail.com | ९८४१२४१७२८ |

## अनुसूची-१ः नेपालको मौसम पूर्वानुमानमा प्रयोग हुने शब्दावलि

### Terms used in Weather Forecasting in Nepal

| | | |
|---|---|---|
| **बादलको अवस्था (Cloud condition)** | सफा (Fair) | No cloud in the sky |
| | मुख्यतया सफा (Mainly fair) | 1/8 to 2/8 (25%) sky covered by cloud |
| | आंशिक बदली (Partly cloudy) | 3/8 (26%) to 4/8 (50%) sky covered by cloud |
| | साधारणतया बदली (Generally cloudy) | 5/8 (51%) to 6/8 (75%) sky covered by cloud |
| | अधिकांश बदली (Mostly cloudy) | 6/8 (76%) to 7/8 (88%) sky covered by cloud |
| | पूर्ण बदली (Cloudy) | 8/8 (100%) or all sky covered by cloud |
| **वर्षाको प्रकृति (Nature of Rain)** | Temporary or Brief (क्षणिक वर्षा) | Weather phenomena occur for short span of time usually less than two hours |
| | Continuous (लगातारको वर्षा) | Weather phenomena occurring regularly and more often throughout the time duration |
| | Intermittent (रोकिँदै हुने वर्षा) | Rain occurring and reoccurring at certain intervals |
| | Widespread (व्यापक वर्षा) | Weather phenomena extensively throughout an area during specified time duration |

| | | | | |
|---|---|---|---|---|
| **वर्षाको संभाव्यता र यसको क्षेत्र (Rainfall probability in percentage and its coverage)** | <10% | None used | Isolated | at one or two places (एक-दुई स्थानमा) |
| | 10-30% | Slight Chance | Widely Scattered | at few places (थोरै स्थानमा) |
| | 30-50% | Chance/possible | Scattered | at some places (केही स्थानमा) |
| | 50-80% | Likely | Fairly widespread | at many places (धेरै स्थानमा) |
| | >80% | More likely | Widespread | at most places (अधिकांश स्थानमा) |

संभावित वर्षाको मात्रा (%) = आंकलन X क्षेत्र, जहाँ आंकलन भन्नाले कुनै स्थानमा वर्षा हुन सक्ने संभावना (%) जनाउँदछ भने क्षेत्र भन्नाले तोकिएको स्थानको वर्षा हुन सक्ने संभावित भू-भाग (%) जनाउँदछ। उदाहरणका लागी कुनै स्थानको ८०% क्षेत्रमा ५०% वर्षाको आंकलन गरेको अवस्थामा सो स्थानको संभावित वर्षाको मात्रा (%) = ०.५ X०.८ = ४०% हुन आउँछ।

| | | |
|---|---|---|
| **वर्षाको मात्रा (Rainfall amount based on total accumulated rainfall during 24 hrs.)** | Light rain (हल्का वर्षा) | less than 10 mm |
| | Moderate rain (मध्यम वर्षा) | 10 mm or more but less than 50 mm |
| | Heavy rain (भारी वर्षा) | 50 mm or more but less than 100 mm |
| | Very heavy rain (धेरै भारी वर्षा) | 100 mm or more but less than 200 mm |
| | Extremely heavy rain (अति भारी वर्षा) | 200 mm or more |
| **समयसिमा (Time Period)** | Today (आज) | 6 AM to 6 PM |
| | Morning (बिहान) | 6 AM to Noon |
| | Afternoon (अपरान्ह) | Noon to 6 PM |
| | Late afternoon (अपरान्हको उत्तरार्ध) | 3 PM to 6 PM |
| | Evening (साँझ) | 6 PM to 9 PM |
| | Night (राती) | 6 PM to 6 AM (Next day) |

श्रोतः मौसम पूर्वानुमान महाशाखा, जल तथा मौसम विज्ञान विभाग

## अनुसूची-२: सुख्खा छरुवा धान खेती प्रविधि

**मेशिनबाट सुख्खा धान छर्ने तरिकाः** जोतेर तयार पारिएको खेतमा मेशिनहरुबाट सुख्खा बीउ लगाउन सकिन्छ। पावर टिलरबाट चल्ने सिडडि«लबाट बीउ छर्नु भन्दा अगाडी नै खेतमा मलहरु (डि.ए.पी., युरिया र पोटास) हातैले छर्नुपर्दछ र बीउ मात्र मेशिनबाट छरिन्छ। यस मेशिनले एकै पटकमा जोताई गर्दै ६ लाइनमा समान गहिराईमा बीउ छर्नुका साथै सँगसँगै माटो सम्याउदै जान्छ। ट«याक्टरबाट चल्ने राइस ग्रेन प्लान्टर वा सिड कम फर्टिलाइजर ड्रिलहरुबाट पनि बीउ छर्नु भन्दा अगाडी युरिया र पोटास हातैले छर्नुपर्दछ। तर बीउ र डि.ए.पी. मल मेशिनको सहायताले समान गहिराइमा एकनासले छरिन्छ। त्यसपछि बीउ छोप्ने गरी माटो सम्याउनु पर्दछ। मेशिनबाट छरुवा धान लगाउन खेत समतल हुनु आवश्यक छ, खेतको सतह समतल पार्न पाटा लगाउन (सम्याउन) अथवा लेभलरको प्रयोग गर्न सकिन्छ।




**बीउको गहिराईः** पावर टिलर र जिरो टिल सिड कम फर्टिलाइजर ड्रिल दुइटै मेशिनबाट धानको बीउ छर्दा १ -१.५ इन्च मात्र गहिराई हुनुपर्दछ। यी दुईटै मेशिनमा गहिराई मिलाउने सुविधा हुन्छ। धेरै गहिरो बीउ खसालिएमा बीउ उम्रिदैन र बीउ जमीनको सतहमा नै भएमा पनि उम्रिने संख्या घटेर जान्छ तथा चराले खाई दिने समस्या पनि आउन सक्दछ।

**चिस्यानः** यी दुइटै मशिनबाट बीउ छर्दा खेत हिल्याइएको हुनु हुँदैन तर माटोमा प्रशस्त चिस्यान हुनुपर्दछ। ट्र्याक्टर अथवा पावर टिलरको चक्का नचिप्लिने गरी माटोमा चिस्यान भएमा बीउ राम्ररी उम्रिन्छ।

**छरुवा धान लगाउने समयः** मनसुनी वर्षा शुरु हुनु अघि अथवा जेठ महिनाभित्रमा धानको बीउ छरिसक्नुपर्दछ। तर, पानी जमेको अवस्थामा अर्थात् खेतमा हिलो भएको अवस्थामा मेशिनहरुबाट बीउ छर्न सकिदैन।

**धानको बीउ दरः** मेशिनबाट बीउ छर्दा कम बीउको आवश्यकता पर्दछ। एक कठ्ठा जग्गाको लागि सामान्यतया ७०० ग्राम देखि १ के.जी. सम्म राम्रो उमारशक्ति भएको शुद्ध बीउ भए पुग्दछ। मसिनो दाना भएको धानको बीउ कम र मोटो दाना भएको बीउ अधिक चाहिन्छ। मल्टीक्रप सिडर जसमा कप सिस्टम हुन्छ त्यसबाट बीउ छर्दा बीउको दाना फुट्ने संभावना हुँदैन, जबकि फ्लुटेड रोलरबाट बीउ छर्दा केही दाना फुट्ने भएको हुँदा २५% बीउको दर बढाउनु ठीक हुन्छ।

*यसबारे विस्तृत जानकारी तथा प्राविधिक सल्लाहको लागि कृषि औजार अनुसन्धान केन्द्र, रानिघाट, बिरगंज तथा राष्ट्रिय कृषि-इन्जिनियरिङ्ग अनुसन्धान केन्द्र, खुमलटारमा सम्पर्क गर्नुहोस्।*

# अनुसूची ३: हिले छरुवा धान खेती प्रविधि (ड्रम सीडर)

धान रोप्ने बेला ज्यामीको अभाव, समय बढी लाग्ने तथा परम्परागत तरिकाको कारण बढ्दो लागत खर्चलाई घटाउन ड्रम सिडरको प्रयोग गरी लाईनमा धान लगाउन सकिन्छ। यस मेशिनको प्रयोगले १ हेक्टर जमिनमा धान छर्न २ जना ज्यामीलाई ८ घन्टा लाग्छ। तर यस प्रविधिको प्रयोग गर्दा सिंचाई र निकासको उचित व्यवस्था हुनुपर्छ। यो मेसिन मेटल तथा प्लाष्टिक दुबैमा उपलब्ध छ। यस मेशिनमा २६ सेन्टिमिटर लामा ४ वटा ड्रमहरु (१५ से.मी. व्यासका) हुन्छन् जसलाई घुमाउन एउटा पांग्रा (Wheel) हुन्छ। प्रत्येक ड्रमको छेउमा दुई लाईन प्वालहरु (६-७ मिलिमिटर व्यास) हुन्छन्। यसको तौल करीब १८ के.जी. हुनेहुँदा किसानले सजिलै एक खेतबाट अर्को खेतमा लैजान सक्छन्।





**ड्रमसिडरको प्रयोग विधिः**

- धानको बीउ २४ घण्टासम्म पानीमा भिजाई अंकुरणको लागि थप ३६-४८ घण्टासम्म छोपेर राख्नुहोस्।
- टुसाएको बीउलाई चारवटै ड्रमहरुमा आधा भन्दा अलि बढी हुने गरि राख्नुहोस्।
- खेतलाई हिल्याई पाटा लगाउनुहोस्।
- बीउ छर्ने बेलामा खेतमा पानीको गहिराई २-३ सेन्टिमिटर मात्र कायम राख्नुहोस्। साथै, धानको प्रकार (मोटो वा मसिनो) अनुसार एउटा लाईनको प्वालहरुलाई रिबन वा रबरले छोप्नुहोस्।
- बीउ छरेको खेतमा २-३ दिनसम्म सिंचाइ गर्नुहुँदैन। साथै, पानी परेमा निकासको व्यवस्था गर्नुहोस्।
- सिंचाइ गर्दा माटो भिज्नेगरि पानी राख्नुहोस्।

**बीउ छर्ने समयः** धानको लागि बेर्ना उमार्न ब्याड राख्ने बेला (जेठ १५-३०) मा नै हिल्याएका खेतमा ड्रम सीडरबाट बीउ छर्नुहोस्। पानी जम्ने खेतमा मनसुनी वर्षा शुरु हुनु अगाडी नै बीउ छर्नुहोस्।

**झारपात नियन्त्रणः** बीउ छरेको ३ दिनभित्र प्रिटिलाक्लोर २.५ एम.एल. प्रति लिटर पानीमा मिसाई (१२५० एम.एल. प्रति हेक्टरको दरले) छर्नुहोस्। लाईनमा लगाइने हुनाले औजारको प्रयोग गरि झारपात व्यवस्थापन गर्न सकिन्छ।

# अनुसूची ४: राईस ट्रान्सप्लान्टरका लागि बेर्ना राख्ने तरीका

**आवश्यक पर्ने सामाग्रीहरु**

- बीउ
- प्लाष्टिक सिट
- माटो छान्ने जाली
- गोबर मल
- जुटको बोरा र हजारी
- ३/४ ईन्चको स्क्वाइर बार

**विधि**



धान रोप्ने मेसिनको ट्रे को आकार मेसिनको किसिम अनुसार फरक पर्ने हुन्छ। ट्रे को आकार अनुसार बेर्ना व्यवस्थापन गर्नुहोस्। यहाँ ४ लाईनको हिँडेर चलाउने मेसिन (Walk behind type) का लागि बेर्ना तयार पार्ने विधि उलेख गरिएको छ।

- धानको बीउलाई २४ घण्टासम्म पानीमा भिजाउनुहोस्।
- भिजाईसकेको धानलाई छानेर १२ घण्टासम्म जुटको बोरामा राख्नुहोस्। यसले धानमा टुसा आउन सहयोग गर्दछ।
- यसपछि २२ ईन्च * ११ ईन्चको ट्रे मा ४ भाग छानेको माटोमा १ भाग गोबर मल मिलाई मिश्रणलाई एकनासले लेभल मिलाई टुसा आईसकेको धान प्रति ट्रे करिब १००-११० ग्राम बीउ मिलाएर राख्नुहोस्। (प्रति कठ्ठा यस्ता ८-१० वटा ट्रे आवश्यक पर्छ)
- चराले बीउ खानबाट जोगाउन ट्रेमा बीउ राखिसकेपछि माटोले हल्का छोप्नुहोस्।
- ट्रे को चिस्यान नियमित अनुमान गरी हजारीको प्रयोगले नियमित पानी छर्कनुहोस्।
- बीउ छरेको १ हप्ता पछि २/३ दिन बिराएर ०.५% युरिया पानीमा मिलाई छर्नुहोस्।
- बीउ उम्रेपछि ट्रे मा हल्का पानी जमाएर सिंचाइ कार्य गर्नुहोस्।
- धान रोप्नु भन्दा २/३ दिन अगाडी बेर्नामा पानी दिन बन्द गर्नुहोस्।
- धान रोप्ने मेसिनका लागि १५-२० दिनको बेर्ना रोप्ने योग्य हुने गर्दछ।

ट्रे उपलब्ध नहुने अवस्थामा ३/४ ईन्चको स्क्वाइर बारलाई मेसिनको ट्रे साईज अनुसार फ्रेम बनाई पनि बेर्ना तयार गर्न सकिन्छ। यसरि बनाईएको ट्रेलाई साधारण प्लाष्टिकमा साना साना प्वाल पारी प्लाष्टिक माथि राखि माथि उल्लेख गरिएको विधिबाट बेर्ना तयार गर्न सकिन्छ।

## अनुसूची-५: धानको बीउ छान्ने विधि



चित्रः नुनपानीको घोलमा थिग्रेका र तैरिएका धानको बीउ

- तीन लिटर पानीमा मसिनो धानको लागि लगभग ५०० ग्राम र मोटो धानको लागि ६०० ग्राम नुन एउटा बाल्टीनमा राम्ररी घोल्ने।
- घोलिएको नुन-पानीमा एक किलोग्राम जति धानको बीउ खन्याउने, एकैछिन चलाउने र १-३ मिनेट जति बीउलाई तैरिन र थिग्रिन दिने।
- तैरिएका र थिग्रिएका बीउलाई अलग-अलग झिकेर छुट्टै राख्ने। बाँकी बीउलाई त्यसरी नै सोही नुन-पानीको घोल प्रयोग गर्दै छुट्याउने।
- बीउको मात्रा धेरै वा थोरै भए सोही अनुरुप नुन-पानीको घोलको मात्रालाई बढाउन वा घटाउन सकिन्छ।
- थिग्रिएको बीउलाई सफा पानीले २ पटक सफा गरी ब्याड राख्ने।
- छरुवा धान भए सिधै छर्ने। यसरी छानेको बीउलाई सोही दिन ब्याड नराख्ने वा नछर्ने भए बीउलाई पानीले पखाली छहारीमा राम्ररी सुकाएर राख्न सकिन्छ।
- तैरिएको बीउलाई पनि पानीले पखालेर र सुकाएर अन्य प्रयोजनमा ल्याउन सकिन्छ। नुन-पानीको घोललाई गाईभैंसीको कुँडो बनाउँदा प्रयोगमा ल्याउन सकिन्छ।
- बीउलाई  साफ, साफल वा  बेभिष्टिनले ३.० ग्राम प्रति के.जी. को दरले मिसाएर बन्द भाँडोमा वा बाल्टिनमा सबै दानामा लाग्ने गरी उपचार गर्ने। उपचार गरेको ३-४ दिनभित्र ब्याडमा बीउ राख्ने।

## अनुसूची-६: धानबालीमा हरियो मलको रुपमा ढैंचा खेतीको व्यवस्थापन

हरियो मल माटोको उर्बराशक्ति र बालीको उत्पादन बढाउने हुनाले कृषकको लागि अत्यन्त लाभदायी हुन्छ। हरियो मलको रुपमा ढैंचा प्रयोग गर्दा माटोमा नाईट्रोजन स्थिरीकरण हुनुका साथै माटोमा प्रांगारिक पदार्थको मात्रा थपिन्छ। विभिन्न अनुसन्धानबाट प्राप्त नतिजा अनुसार बालीलाई आवश्यक पर्ने नाईट्रोजनको २५% भाग ढैंचा खेती गरेको खण्डमा परिपूर्ति हुने हुनाले नेपालमा पाईने ढैंचाका जातहरु सेस्बानिया रोस्ट्राटा (Sesbania rostrata) र सेस्बानिया क्यानाबिना (Sesbania cannabina) धान खेती गर्नुभन्दा ४५ दिन अगाडी धान लगाउने खेतमा ४० के.जी. प्रति हेक्टरका दरले खनजोत गरी लगाउनुहोस्। यी मध्ये सेस्बानिया रोस्ट्राटामा काण्ड र जरामा समेत वायुमण्डलीय नाईट्रोजन सोसेर लिन सक्ने राईजोबियम ब्याक्टेरिया भएको गिर्खाहरु हुन्छन् जसले नाईट्रोजन स्थिरीकरणको मात्रा बढाउँछ। ढैंचा लगाएको ६-७ हप्ता (फूल फूल्ने अवस्था) पछि खेतमा पानी राखी बोटलाई जोत्न सजिलो हुनेगरी काटि जोतेर माटोमुनि पारी कुहाउनुहोस्। यसरी कुहाएर राखेको हरियो मल (ढैंचा) ले माटोमा ८०-१५० के.जी. नाईट्रोजन प्रति हेक्टर स्थिरीकरण गर्न सक्ने पाईएको छ।

## अनुसूची-७: मकैबालीको लागि टपड्रेसका लागि आवश्यक युरियाको मात्रा

| | खुला सेचित (किलोग्राम प्रति कट्ठा) | | बर्णशंकर (किलोग्राम प्रति कट्ठा) | |
|---|---|---|---|---|
| **अवस्था** | **२५-३० दिनपछि (६ पाते अवस्था)** | **५५-६० दिनपछि (१० पाते अवस्था)** | **२५-३० दिनपछि (६ पाते अवस्था)** | **५५-६० दिनपछि (१० पाते अवस्था)** |
| पूर्वी तराई (झापा,मोरङ र सुनसरी) | २.५ | २.५ | ४.० | ४.० |
| मध्य तराई (पर्सा देखि सप्तरी सम्म | २.८ | २.८ | ३.३ | ३.३ |
| पश्चिम तराई (रुपन्देही, कपिलवस्तु र परासी) | २.८ | २.८ | ४.० | ४.० |
| सुदूरपश्चिम तराई (बाँके देखि कन्चनपुर सम्म | २.८ | २.८ | ३.३ | ३.३ |
| भित्रि तराई (दाङ, सुर्खेत, चितवन, मकवानपुर, नवलपुर) | २.५ | २.५ | ४.० | ४.० |
| पहाडी भागमा (प्रति रोपनी) | ३.८ | ३.८ | ४.९ | ४.९ |